# काठमाडौंमा घरेलु बाल श्रमिकको रुपमा जीवन

२०८२



**प्रकाशनः**

*समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)*

*श्रम मार्ग, बुद्धनगर, काठमाडौँ*

**सम्पर्कः** +९७७–०१–४७९२२१४, ४७९३८४६

**इमेलः** *info@cwish.org.np*

**वेबसाईटः** *www.cwish.org.np*

**प्रकाशन मितिः**

*साउन २०८२ (जुलाई २०२५)*

**सहयोगः**

# परिचय

हालैको अनुमान अनुसार विश्वभर लगभग १ करोड ७२ लाख बालबालिका घरेलु श्रममा छन् र तीमध्ये धेरैजसो बालिकाहरू छन् ।

बालबालिकाले घरेलु काम गर्नुका धेरै कारणहरू छन् । कोही राम्रा विद्यालय जान सक्दैनन् वा बिल्कुलै विद्यालय जाँदैनन्, कोही भेदभावको सामना गर्छन्, कोही धेरै पैसा नभएका वा अरूलाई ऋण तिर्नुपर्ने परिवारबाट आउँछन् । कोहीले आफ्नो घरमा हानी भोग्छन् वा आमाबाबुको मृत्युको अनुभव गर्छन् वा घर छोड्न बाध्य हुन्छन् ।

विश्वभरका धेरै बालबालिकालाई उनीहरूका आमाबाबु वा अन्य वयस्कले काममा लगाउने गर्छन् जसले घरेलु श्रमले बालबालिकालाई राम्रो शिक्षा वा ठूलो भएपछि राम्रो जागिर पाउन मद्दत गर्छ भन्ने विश्वास गर्छन् । केही बालबालिका शहरमा राम्रो जीवन बिताउने विश्वासले आफ्नो परिवारबाट टाढिएर घरेलु श्रमिक बन्न पनि रोज्छन् । शहरका धेरै धनी मानिसहरू आफ्ना घरमा सहयोग चाहन्छन् त्यसैले घरेलु श्रमका अवसरहरू प्रशस्त छन् ।

काम गर्न थालेपछि बालबालिकाको जीवन फरक हुन्छ । केही बालबालिकाले सीप सिक्छन् र उनीहरूका रोजगारदाताहरूले उनीहरूलाई सम्मान गर्छन् । अरूले धेरै घण्टा काम गर्छन्, पर्याप्त लुगा, खाना वा निद्रा पाउँदैनन् र उनीहरूलाई नराम्रो व्यवहार गरिन्छ । उनीहरूलाई आफ्ना मालिकहरूको साना व्यवसाय, खेतबारीमा वा सडक व्यवसायमा पनि काम गर्न बाध्य पारिन सक्छ ।



# हामीले के गर्ने लक्ष्य राख्यौं ?

हामी नेपालमा घरेलु श्रम गर्ने बालबालिकाको जीवन बुझ्न र बालबालिकालाई सुरक्षित बनाउन प्रयोग गर्न सकिने जानकारी सङ्कलन गर्न चाहन्थ्यौं । धेरैजसो घरेलु बाल श्रमिकहरू काठमाडौं उपत्यकामा बस्ने भएकाले हामीले हाम्रो अनुसन्धान राजधानीमा गर्यौं ।

## हामीले जवाफ लिन चाहेका प्रश्नहरू यस प्रकार थिए:

*बालबालिका घरेलु श्रमिकको रूपमा कसरी काम गर्न थाल्छन् ?*

*बालबालिका घरेलु क्षेत्रमा किन सामेल हुन्छन् ?*

*नेपालमा घरेलु बाल श्रमिकहरूको जीवन कस्तो छ ?*



# हामीले यो कसरी गर्यौं ?



हामीले काठमाडौंमा घरेलु श्रमिकको रूपमा काम गरिरहेका वा काम गरिसकेका २० जना बालबालिकासँग कुरा गर्यौं । उनीहरूलाई त्यहाँ कसरी काम गर्न थाल्नुभयो, किन गर्नुभयो र रोजगारदाताको घरमा उनीहरूको दैनिक जीवन कस्तो थियो भनेर सोधिएको थियो ।



हामीले १० जना घरेलु बाल श्रमिकहरूसँग दुईवटा दिनभरको कार्यशालाहरू पनि गर्यौं । सुरुमा उनीहरूलाई उनीहरूको लागि सबैभन्दा महत्त्वपूर्ण समस्या के हो भनेर बताउन भनियो । हामी उनीहरूलाई के आवश्यक छ भनेर बुझ्न र अनुसन्धानमा त्यो समावेश गर्न चाहन्थ्यौं ।

त्यसपछि हामीले बालबालिकालाई उनीहरूका लागि सबैभन्दा महत्त्वपूर्ण घटनाहरू र भावनाहरूमा केन्द्रित उनीहरूको जीवनको कथा भन्न भन्यौं ।



दोस्रो सत्रमा, हामीले बालबालिकालाई उनीहरूको जीवनमा सबैभन्दा बढी प्रभाव पार्ने व्यक्तिहरू पहिचान गर्न भन्यौं । उनीहरूले हामीलाई ती वयस्कहरूको बारेमा बताए, जसले केहि परिवर्तन गर्न सक्छन् र समाधानहरू ल्याउन सँगै काम गर्न सक्छन् ।





त्यसपछि हामीले बालबालिकालाई घरेलु श्रमिकको रूपमा काममा राखेका ५ जना वयस्कहरूसँग कुरा गर्यौं । तिनीहरू कथाको लागि महत्त्वपूर्ण छन् तर पहिलेका अध्ययनहरूले तिनीहरूलाई समावेश गरेका छैनन् । काल्पनिक कथा प्रयोग गरेर रोजगारदाताहरूलाई उनीहरूले किन बालबालिकालाई काममा राख्छन् ? उनीहरूले बालबालिकाको जीवनलाई कसरी हेर्छन् र उनीहरूको सम्बन्ध कस्तो छ भनेर सोधिएको थियो ।



हामीले शिक्षक, सरकारी अधिकारी र सामाजिक कार्यकर्ता गरी १० जना विज्ञहरूसँग पनि कुराकानी गर्यौं । उनीहरूलाई बालबालिका किन र कसरी घरेलु श्रमिक बन्छन् । उनीहरूको जीवन के हो ? र कामले उनीहरूको जीवनमा कस्तो प्रभाव पार्छ भन्ने बारेमा सोधिएको थियो ।

# काठमाडौंमा घरेलु बाल श्रमिकको रुपमा जीवन

याद राख्नुहोस्: बालबालिकाले घर बाहिर पनि काम गर्न सक्छन्, या त उनीहरूको रोजगारदाताको अन्य व्यवसायको लागि वा अतिरिक्त पैसाको लागि । उदाहरणहरू: रक्सी पसल, कार्पेट पसल, मासु पसल, खेत, कपडा पसल, होस्टेल, हार्डवेयर पसल, पार्टी प्यालेस वा क्यान्टिनहरू ।

- पढ्ने समय छैन
- साथीहरू छैनन्
- आफ्नो परिवारलाई भेट्न वा कुरा गर्ने समय छैन
- जोखिमयुक्त काम
- लामो कामको समय
- आफ्नो काम बापत वा आवश्यकताको लागि पैसा छैन
- डाक्टरकहाँ जान नपाउने

**सकरात्मक अनुभवहरु** ↔ **नकरात्मक अनुभवहरु**

## बालबालिका विभिन्न कारणले र विभिन्न तरिकाले घरेलु श्रमिक बन्छन्

- कसैले आफ्नो गाउँ छोड्छन् किनभने त्यहाँ राम्रो विद्यालय छैन वा तिनीहरूको परिवारसँग पैसा छैन ।
- अरूहरू काठमाडौंमा जीवन राम्रो हुनेछ भन्ने सोचले काठमाडौं आउँछन् वा उनीहरूका ठूला दाजुभाई दिदीबहिनी वा काकाको छोराछोरीहरु पहिले नै घरेलु श्रममा छन् ।

धेरैजसो घरेलु बाल श्रमिकहरू नेपालका विकट गाउँहरूबाट आउँछन् । अभिभावकले आफ्ना छोराछोरीहरूलाई काम दिलाउन प्रयास गर्न सक्छन् वा अरू कसैले प्रस्ताव गर्दा उनीहरूले छोराछोरीहरुको लागि काम स्वीकार गर्न सक्छन् । काकाकाकी, दाजुभाई, दिदीबहिनी र हजुरबा हजुरआमा जस्ता अन्य आफन्तहरू पनि यसमा संलग्न हुन सक्छन् । अध्ययनले यो पनि देखाएको छ कि रोजगारदाताहरू र अन्य वयस्कहरू (उदाहरणका लागि छिमेकीहरू र परिचित व्यक्तिहरू) ले पनि बालबालिका घरेलु श्रमिक कसरी बन्छन् भन्ने कुरामा प्रभाव पार्न सक्छन् । अन्तमा बालबालिका आफैंले पनि खोज्ने वा कामको अवसर स्वीकार गर्नमा सक्रिय भूमिका खेल्न सक्छन् ।

घरेलु श्रमिकको रूपमा काम गर्न बालबालिका काठमाडौं आउनुका केही कारणहरू परिवारसँग पर्याप्त पैसा नभएको, गाउँमा राम्रो विद्यालय नभएको, घरमा सुरक्षित वातावरण नभएको वा कसैको आभिभावकको मृत्यु भएकोले गर्दा हो । बालिकाहरुको हकमा, उनीहरूले घरेलु सहयोगीको रूपमा काम गर्नु पनि स्वाभाविक मानिन्छ ताकि उनीहरूले पछि गएर श्रीमती र आमा बन्न तयारी गर्न सकुन् ।

धेरै बालबालिका र अभिभावकहरू के विश्वास गर्छन् भने काठमाडौंमा राम्रो विद्यालय र रोजगारीका अवसरहरू छन् र बालबालिका त्यहाँ हुनु नै राम्रो हुनेछ । जब कुनै ठूलो दाजुभाई वा दिदीबहिनी पहिले नै शहरमा काम गरिरहेको हुन्छ तब सर्ने निर्णयलाई पनि सामान्य रूपमा लिइन्छ । अन्तमा, काठमाडौंमा मध्यम वर्गका मानिसहरूको संख्या बढ्दै गएको छ, जो घरमा सस्तो सहयोग चाहन्छन् । जसले गाउँका बालबालिकालाई राजधानी शहरमा आउन सहज अवसर प्रदान गर्दछ ।

एकपटक उनीहरू आफ्नो रोजगारदातासँग बसेपछि बालबालिका धेरैजसो समय विद्यालय जान पाउँछन् । केही वर्ष पहिले घरेलु बाल श्रमिकहरू विद्यालय जान पाउँदैन थिए भन्ने कुरालाई ध्यानमा राख्दै यो एक धेरै सकारात्मक र प्रोत्साहनजनक परिवर्तन हो । तर प्रायः घरेलु बाल श्रमिकहरू ढिलो हुन्छन् किनभने उनीहरूलाई काम गर्नुपर्छ र कहिलेकाहीँ उनीहरूले विद्यालयका केहि दिनहरू पनि छुटाउँछन् ।

कामको कारणले गर्दा उनीहरूसँग गृहकार्य र अध्ययन गर्न पर्याप्त समय हुँदैन । सबै शिक्षकहरूले यो कुरा बुझ्दैनन् र यसले बालकालिकालाई एक्लो महसुस गराउन सक्छ । धेरैजसो बालबालिका रोजगारदाताको घरमा आफ्नो जीवनको बारेमा आफ्ना सहपाठीहरूसँग कुरा गर्न पनि मन पराउँदैनन् । वास्तवमा घरेलु बाल श्रमिकहरूसँग सधैं नजिकका साथीहरू हुँदैनन् किनभने उनीहरूका रोजगारदाताहरूले उनीहरूलाई आफ्ना सहपाठीहरूसँग घुम्न दिँदैनन् ।

यद्यपि, बालबालिकालाई सबैभन्दा एक्लो महसुस गराउने कुरा के हो भने उनीहरू आफ्नै परिवारबाट अलग्गै बस्छनु पर्छ । धेरैजसो बालबालिका आफ्ना आमाबाबुसँग फोनमा चाहेजति कुरा गर्न सक्दैनन् र बिदाको लागि वर्षमा एक पटक मात्र घर जान्छन् ।

बालबालिकाले गर्ने काम गाह्रो र थकाइ लाग्दो हुन्छ । तिनीहरू आफ्ना रोजगारदाताका बच्चाहरूको हेरचाह गर्छन् । खाने कुरा किन्छन्, बनाउँछन् र पस्कन्छन् । भाँडा माझ्छन्, लुगा धुन्छन्, घर सफा गर्छन् । तिनीहरूले आफ्नो उमेरका व्यक्तिहरूका लागि जोखिम हुने कामहरू गर्न पनि सक्छन् । जस्तैः धेरै गह्रौं वस्तुहरू बोक्ने ।

केही बालबालिका अन्य ठाउँमा पनि काम गर्छन् । उदाहरणका लागि आफ्ना रोजगारदाताको व्यवसायमा । त्यहाँ, तिनीहरूले पसल हेर्छन् वा ग्राहकहरूलाई सहयोग गर्छन् । अन्य बालबालिका केही पैसा कमाउन रातमा मनोरञ्जन स्थलहरूमा पनि काम गर्छन् ।

वास्तवमा, धेरैजसो बालबालिकाले आफ्नो घरेलु श्रम बापत तलब पाउँदैनन् । उनीहरूले आफ्नो परिवारलाई भेट्न जाँदा आफ्नो रोजगारदाताबाट खर्च पाउन सक्छन् तर धेरैजसोले अरू कुनै पैसा पाउँदैनन् । उनीहरूसँग सामान्यतया खाना र सुत्ने ठाउँ हुन्छ, तर यदि तिनीहरू बिरामी भए भने उनीहरूले अझै पनि काम गर्नुपर्छ र डाक्टर वा अस्पतालमा ल्याइँदैन ।

सामान्यतया, बालबालिकाको आफ्ना रोजगारदाताहरूसँग राम्रो सम्बन्ध हुँदैन किनभने तिनीहरूले उनीहरूसँग राम्रो व्यवहार गर्दैनन् । धेरैजसो रोजगारदाताहरूले बालबालिकालाई कठोर शब्द र स्वरले गाली गर्छन् । कतिपयले त उनीहरूलाई कुट्छन् वा धम्की पनि दिन्छन् । यसले धेरै बालबालिकालाई दुःखी, घरको यादले सताउने र एक्लो बनाउँछ ।



# हामीले के गर्नुपर्छ ?

बालबालिका, विशेषज्ञहरू र अनुसन्धानकर्ताहरूले यो विषयमा के गर्नुपर्छ भन्ने बारेमा केही सुझाव दिनुभयो।

## नेपाल सरकारले के गर्नुपर्छ ?

१

गाउँहरूमा शिक्षा सुधार गर्नुहोस्। धेरैजसो बालबालिका राम्रो विद्यालयमा जान सकुन् भनेर काम गर्छन्। सरकारले गाउँ क्षेत्रका विद्यालयहरूलाई सुधार गर्नुपर्छ ताकि बालबालिकाले राम्रो शिक्षा प्राप्त गर्न आफ्नो परिवार छोडेर जान नपरोस्। बालबालिका सुरक्षित रूपमा विद्यालय जान सकुन् भनेर सरकारले सडक र सञ्चार प्रणालीमा पनि सुधार गर्नुपर्छ।

२

ग्रामीण क्षेत्रमा बढी रोजगारी सिर्जना गर्नुहोस्। यदि परिवारसँग धेरै पैसा भएको भए आफ्ना छोराछोरीलाई काठमाडौं काममा पठाउनुपर्ने आवश्यकता कम हुने थियो। यदि ग्रामीण क्षेत्रमा राम्रो रोजगार भएको भए, आमाबाबुले आफ्ना छोराछोरीलाई टाढा नपठाई पालनपोषण गर्न सक्षम हुने थिए। सरकारले गाउँमा आर्थिक विकासमा लगानी गर्नुपर्छ, उदाहरणका लागि किसानहरूलाई नयाँ प्रविधिहरूमा सहयोग गरेर।

३

प्रमुख नियमहरू पारित गर्नुहोस्। सरकारले घरेलु श्रमको अनुगमन गर्न र बालबालिकालाई थप सुरक्षा प्रदान गर्न नियमहरू पारित गर्नुपर्छ। यसले रोजगारदाताहरूको लागि आचारसंहिता सिर्जना गर्नुपर्छ जसले बालबालिकाको काम गर्ने र बस्ने अवस्थाको लागि अपेक्षाहरू निश्चित गर्दछ। कुनैपनि प्रकारको शोषणलाई प्रतिबन्ध लगाउँछ। बालबालिकाले के काम गर्न सक्छन् र कति घण्टा काम गर्न सक्छन् भन्ने कुरा सीमित गर्दछ। बालबालिकाको नियमित विद्यालय उपस्थितिलाई बाध्यकारी बनाउँछ र उनीहरूको कामको लागि न्यूनतम तलब निर्धारण गर्दछ।

४

वडाका अधिकारीहरूलाई व्यापक तालिम दिनुहोस्। घरेलु बाल श्रम कसरी पहिचान गर्ने, घरेलु बाल श्रमिकहरूको रेकर्ड कसरी राख्ने, बालबालिका र उनीहरूका रोजगारदाताहरूलाई कसरी जानकारी नगराई भेट्ने भन्ने बारेमा सरकारी अधिकारीहरूलाई तालिम दिनुहोस् ताकि बालबालिकासँग राम्रो व्यवहार भई रहेको भनी सुनिश्चित गर्न सकियोस्। सरकारी अधिकारीहरूले दुर्व्यवहारमा परेका बालबालिकालाई आश्रय प्रदान गरेर सहयोग गर्न सक्षम हुनुपर्छ र सम्भावित रूपमा उनीहरूलाई उनीहरूको परिवारमा फर्कन मद्दत गर्नुपर्छ।

# हामीले के गर्नुपर्छ ?

बालबालिका, विशेषज्ञहरू र अनुसन्धानकर्ताहरूले यो विषयमा के गर्नुपर्छ भन्ने बारेमा केही सुझाव दिनुभयो।

## घरेलु बाल श्रमिकका रोजगारदाताहरूले के गर्नुपर्छ ?

१

बालबालिकाको काम गर्ने र बस्ने अवस्थालाई राम्रो बनाउनुहोस् । धेरैजसो रोजगारदाताहरूले बालबालिकालाई विद्यालयमा भर्ना गर्ने महत्त्वपूर्ण कदम चालिसकेका छन् तर अझै धेरै गर्न बाँकी छ। बालबालिकासँग विद्यालयपछि गृहकार्य गर्न पर्याप्त समय हुनुपर्छ र बिरामी हुँदा डाक्टर वा अस्पताल जान पाउनु पर्छ। उनीहरूसँग साथीहरूसँग भेट्न, बर्षमा कम्तिमा एक पटक आफ्ना परिवारलाई भेट्न र फोनमा आफ्ना परिवारसँग कुरा गर्न पनि खाली समय हुनुपर्छ।

२

अन्य रोजगारदाताहरूलाई जानकारी गराउनुहोस्। सिफारिस गरिए अनुसार पहिले नै राम्रो व्यवहार गरिरहेका रोजगारदाताहरू (अहिले अल्पसंख्यक) ले आफ्ना साथीभाई र आफन्तहरूसँग आफ्ना घरेलु बाल श्रमिकहरूको जीवन सुधार गर्ने बारेमा कुरा गर्नुपर्छ । राम्रोतर्फ व्यवहार परिवर्तन गर्न साथीहरूको दबाब धेरै प्रभावकारी हुन सक्छ।



# हामीले के गर्नुपर्छ ?

बालबालिका, विशेषज्ञहरू र अनुसन्धानकर्ताहरूले यो विषयमा के गर्नुपर्छ भन्ने बारेमा केही सुझाव दिनुभयो।

## घरेलु बाल श्रमिकका अभिभावकहरुले के गर्नुपर्छ ?

१

श्रमिकहरूको जीवन कस्तो हुन्छ भन्ने बारे थप जान्नुहोस् । यदि आमाबाबुसँग अझै पनि आफ्ना छोराछोरीहरुलाई काममा पठाउनु बाहेक अरू कुनै विकल्प छैन भने उनीहरूले आफ्ना छोराछोरीहरुको रोजगारदाताहरूलाई भेट्न, उनीहरू बस्ने घर हेर्न र उनीहरूले पढ्न जाने स्कुल हेर्न उनीहरूसँगै राजधानी शहर जानुपर्छ।

२

आफ्ना छोराछोरीहरूसँग सम्पर्कमा रहनुहोस् । आमाबाबुले आफ्ना छोराछोरीहरूसँग कुराकानी गर्ने प्रयास गर्नुपर्छ। फोन र भेटघाट मार्फत उनीहरू ठीक छन् भनी सुनिश्चित गर्नुपर्छ । यदि यो सम्भव छैन भने, काठमाडौँमा विश्वासिलो अर्को व्यक्ति (जस्तै दाजुभाई, दिदीबहिनी, ठूलो छोराछोरी वा काकाकाकी) लाई बालबालिकालाई भेट्न जान भन्नु पर्छ।



# हामीले के गर्नुपर्छ ?

बालबालिका, विशेषज्ञहरू र अनुसन्धानकर्ताहरूले यो विषयमा के गर्नुपर्छ भन्ने बारेमा केही सुझाव दिनुभयो।

## घरेलु बाल श्रमिकका शिक्षकहरुले के गर्नुपर्छ ?

१ घरेलु बाल श्रमिकहरूको अवस्था बुझ्नुहोस् । शिक्षकहरूले यी बालबालिकाको विशेष परिस्थिति र आवश्यकताहरूलाई बुझ्ने र सम्मान गर्ने प्रयास गर्नुपर्छ । यदि बालबालिका ढिलो स्कुल पुग्छ वा गृहकार्य गर्दैन भने सहयोगी भावना देखाउनुहोस्।

२ बालबालिकालाई उनीहरूको जीवनको बारेमा कुरा गर्न सुरक्षित ठाउँ प्रदान गर्नुहोस् । शिक्षकहरू आफ्ना विद्यार्थीहरूको जीवनमा महत्त्वपूर्ण वयस्क हुन् र यसले उनीहरूलाई आफ्नो र आफ्नो अवस्थाको बारेमा कुरा गर्न सुरक्षित महसुस गर्न मद्दत गर्न सक्छन् । बालबालिका र शिक्षक बीचको यो खुला कुराकानीले शिक्षकहरूलाई बालबालिकालाई दुर्व्यवहार भई रहेको छ कि छैन र सहयोग चाहिन्छ भनेर जान्न पनि मद्दत गर्नेछ।

३ अन्य विद्यार्थीहरूलाई घरेलु बाल श्रमिकहरूलाई सम्मान गर्न र बुझ्न सिकाउनुहोस् । शिक्षकहरूले अरू विद्यार्थीहरूलाई कहिल्यै पनि बालबालिका घरेलु कामदार हो भनेर भन्नु हुँदैन तर उनीहरूले नेपालमा बाल श्रम र घरेलु बाल श्रमिकहरूको जीवनको बारेमा कुरा गर्नुपर्छ । उनीहरूले आफ्ना विद्यार्थीहरूलाई त्यस्तो अवस्थामा हुन सक्ने बालबालिकाप्रति संवेदनशील र दयालु हुन सिकाउनु पर्छ।

४ बाल अधिकार संस्थाहरूसँग सहकार्य गर्नुहोस् । बाल अधिकार संस्थाहरूसँग पहिले नै सहकार्य गर्ने विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूले अन्य सार्वजनिक विद्यालयहरूमा आफ्ना सहकर्मीहरूलाई पनि त्यसै गर्न प्रोत्साहित गर्नुपर्छ ताकि उनीहरूले बालबालिकाको लागि राम्रो सहयोग प्रणाली सिर्जना गर्न मद्दत गर्न सकुन्।



# हामीले के गर्नुपर्छ ?

बालबालिका, विशेषज्ञहरू र अनुसन्धानकर्ताहरूले यो विषयमा के गर्नुपर्छ भन्ने बारेमा केही सुझाव दिनुभयो ।

## बाल अधिकार संस्थाहरूले के गर्नुपर्छ ?


१ अभिभावकहरूसँग कुरा गर्नुहोस् । बाल अधिकार संस्थाहरूले घरेलु श्रमिकका बालबालिकाका अभिभावकहरूलाई काठमाडौंमा उनीहरूका बालबालिकाको जीवन कस्तो छ भन्ने बारेमा जानकारी गराउनुपर्छ । यो रेडियो, पोस्टरहरू मार्फत वा बैठकहरूमा कुराकानी गरेर गर्न सकिन्छ ।

२ घरेलु बाल श्रमिकहरूसँग विद्यालयहरूमा जानकारीमूलक कार्यक्रमहरू आयोजना गर्नुहोस् । बाल अधिकार संस्थाहरूले घरेलु बाल श्रमिकहरूलाई नेपाली कानून अन्तर्गत उनीहरूको अधिकारको बारेमा सिकाउनु पर्छ र आवश्यक परेमा उनीहरूले कसरी सहयोग प्राप्त गर्न सक्छन् भनेर देखाउनु पर्छ । उदाहरणका लागि उनीहरूले बालबालिकासँग बाल अधिकार संस्थाहरूको फोन नम्बर वा ठेगानाहरू छन् भनी सुनिश्चितता गर्नुपर्छ ।

३ घरेलु बाल श्रमिकहरूलाई सहयोग समूहहरू सिर्जना गर्न सहयोग गर्नुहोस् । बाल अधिकार संस्थाहरूले घरेलु बाल श्रमिकहरूलाई उनीहरूको विद्यालयभित्र समूहहरू बनाउन मद्दत गर्नुपर्छ जहाँ विद्यार्थीहरूले आफ्नो जीवनको बारेमा कुरा गर्न र एकअर्कालाई सहयोग गर्न सक्छन् ।

४ व्यवहार परिवर्तनका अभियानहरू संचालन गर्नुहोस् । घरेलु बाल श्रमिकहरूको रोजगारदाता र बालबालिकाको परिवारका सदस्यहरूलाई उनीहरूको व्यवहार परिवर्तन गर्न मद्दत गर्न बाल अधिकार संस्थाहरूले अभियानहरू चलाउनु पर्छ । यसका लागि रोजगारदाताहरूसँग समुदाय छलफल (*neighborhood meetings with employers*), न्यूजलेटरहरू वा टेलिभिजन र पोस्टर विज्ञापनहरू हुन सक्छन् ।






# चित्रकला समय

५ वर्षपछि नेपालका बालबालिकाको कल्पना तपाईं कसरी गर्नुहुन्छ ?

# सन्दर्भ सामग्रीहरु


- *Benvegnú, L.A. et al. (2005). Work and Behavioral Problems in Children and Adolescents. International Journal of Epidemiology.*
- *Blagbrough, J. (2007). They Respect Their Animals More. London: Anti-Slavery International*
- *Devatop Center (n.d.). Overview of Human Trafficking.*
- *ILO (2013a). Child Domestic Work Global Estimates 2012.*
- *ILO (2013b). Focus on Child and Adolescent Domestic Workers in Delhi and Ranchi, India.*
- *ILO (2002). El Salvador Trabajo Infantil Domestico.*
- *Freedom Fund & NORC (2024a). Behind Closed Doors: Measuring the Scale and Nature of Exploitative Child Domestic Work in Nigeria, February.*
- *Freedom Fund & NORC (2024b). Behind Closed Doors: Measuring the Scale and Nature of Exploitative Child Domestic Work in Liberia. February.*
- *Gamlin, J. et al. (2013). Is Domestic Work a Worst Form of Child Labour? The Findings of a Six-Country Study of the Psychosocial Effects of Child Domestic Work. Children's Geographies.*
- *Human Rights Watch (2012). Lonely Servitude: Child Domestic Labor in Morocco.*
- *Jacquemin, M.Y. (2006). Can the Language of Rights get Hold of the Complex Realities of Child Domestic Work? The Case of Young Domestic Workers in Abidjan, Ivory Coast. Childhood.*
- *Jacquemine, M.Y. (2004). Children's Domestic Work in Abidjan, Cote d'Ivoire: The Petites Bonnes Have the Floor. Childhood.*
- *Klocker, N. (2011). Negotiating Change: Working with Children and their Employers to Transform Child Domestic Work in Iringa, Tanzania. Children's Geographies.*





FREE THE SLAVES
CWISH